# रोगी मान्छे कसरी पवित्रता ग्रहण गरेर नमाज पढोस्

## كيف يتطهر المريض ويصلي

< नेपाली >

लेखकः
शैख मुहम्मद बिन सालेह अल उसैमीन

الشيخ محمد بن صالح العثيمين

अनुवादकः
अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की

عتيق الرحمن محمد إدريس خان مكي

بسم الله الرحمن الرحيم

**सर्वाधिकार लेखकमा सुरक्षित छ ।**

प्रथम प्रकाशन साल सन् २०१५ ई. सं.
निःशुल्क वितरणको लागि मात्र

**पुस्तक पाइने ठेगाना -:**

*इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका
व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)
सम्पर्क नं. ००९७७९८१९४३७७५८
सउदी नं. ००९६६५०१३७२२५४
*इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज
सउदी अरबीया

# प्रस्तावना

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जसले यस संसारलाई उत्पन्न गऱ्यो, र यसमा बसोबास गर्नुको लागि नानाथरीका प्राणीहरूलाई अविष्कृत गऱ्यो, र जसले हाम्रो हृदयलाई आफ्नो सत्मार्गतर्फ लगाइदियो, र आफ्नो श्रद्धा एवं प्रेम र आदरबाट परिपूर्ण गरिदयो । र म गवाही दिन्छु कि त्यस अल्लाह बाहेक कोही सत्य पूज्य छैन, त्यो एकलै छ, त्यसको कोही सहभागी छैन । र म गवाही दिन्छु कि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम अल्लाहका भक्त एवं सन्देष्टा र मित्र हुन् । तसर्थ अल्लाहको नगन्य शान्ति र दया अवतरित होस् मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि, र उहाँका घरपरिवार र समस्त साथीहरूमाथि र ती सबैहरूमाथि जुन प्रलयसम्म उहाँको पद्धतिमा हिंड्ने छन् ।

प्रस्तुत पुस्तिकामा शैख सालेह अल् उसैमीन रहेमहुल्लाहले विरामी र रोगी मान्छेहरुले कसरी पवित्रता ग्रहण गरोस् र कसरी नमाज कायम गरोस् यसै केन्द्रविन्दुमा स्पष्टीकरण गरेका छन्, त यो विषय अति महत्वपूर्ण छ र जनसाधारणलाई यसको ज्ञान हुनु अति आवश्यक छ यसै कारण मैले यस सानो लेखको नेपालीमा अनुवाद गरेको छु ताकि हाम्रा नेपाली दाजुभाइ र दिदीवहिनीहरुलाई पनि यसको पूर्णतया ज्ञान भइहालोस् ।

मलाई आशा छ कि मेरो यो सानो प्रयासबाट जनसमुदायलाई लाभ पुग्नेछ र अल्लाह मेरो यस सानो प्रयासद्वारा हाम्रो नेपाली मुसलमान भाइ बहिनीहरुलाई रोगको अवस्थामा पवित्रता ग्रहण गर्ने र नमाज कायम गर्ने सही ज्ञान प्रदान गर्नेछ । अल्लाहसित विन्ती छ कि अल्लाह मेरो यस प्रयासलाई कबूल गरी मलाई र मेरो घरपरिवारका समस्त सदस्यहरूलाई स्वर्ग प्रदान गरुन्, र मेरो स्वर्गीय आमा र बाजेलाई क्षमादान दिई स्वर्गमा उच्च स्थान प्रदान गरुन् । (आमीन)

**लेखक**
**अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की**
**कपिलवस्तु नगरपालिका वार्ड नं. ९ महुवा**
**तौलिहवा कपिलवस्तु (नेपाल)**
email- atiqkhannp1982@yahoo.com

**सम्पर्क नं. ००९७७९८१९४३७७५८**
**सउदी मो. न. ००९६६५०१३७२२५४**

## रोगी मान्छे कसरी पवित्रता ग्रहण गरोस् ?

१- रोगी मान्छेमाथि यो अनिवार्य छ कि पानीद्वारा पवित्रता ग्रहण गरोस्। यसर्थ सानो अपवित्रताबाट वजू गरेर पवित्रता ग्रहण गरोस्, र ठूलो अपवित्रताबाट स्नान गरेर पवित्रता ग्रहण गरोस्।

**सानो अपवित्रताः** जसरी गुप्ताङ्गबाट हवा निष्कासित हुनु वा उल्टी हुनु दिशा पिशाब गर्नु.... आदिबाट उत्पन्न हुने अपवित्रतालाई सानो अपवित्रता भनिन्छ।

**ठूलो अपवित्रताः** गुप्ताङ्गबाट वीर्यको पतन हुनु वा महिलासित सम्भोग गर्नु ... आदिबाट उत्पन्न हुने अपवित्रतालाई ठूलो अपवित्रता भनिन्छ। (अनुवादक)

२- तर यदि विरामी मान्छे पानी प्रयोग गरेर पवित्रता ग्रहण गर्न सक्दैन चाहे त्यसको असमर्थताको कारण वा विरामीमा झन् वृद्धि हुने भयको कारण वा रोगमा बढोत्तरी हुने भयको कारण त यस्तो अवस्थामा त्यसलाई चाहियो कि तयम्मुम गरोस्।

३- तयम्मुम गर्ने तरिका यो हो कि मान्छे आफ्नो दुवै हातलाई पवित्र धरती (माटो) माथि एक पटक हानोस् (स्पर्श) गराओस्, अनि दुवै हातद्वारा आफ्नो अनुहारलाई र दुवै हत्केलाहरुलाई मसह अर्थात स्पर्श गरोस्।

४- तर यदि विरामी मान्छे आफै पवित्रता ग्रहण गर्न सक्दैन भने जुनसुकैले पनि त्यसलाई वजू अथवा तयम्मुम गराओस्।

५- यदि त्यसको वजूको कुनै अंगमा घाउ होस् भने यदि त्यस अंगलाई पानीले पखाल्न सक्छ भने पानीले पखालोस्, तर यदि पानीले धुलेको खण्डमा यदि कुनै हानि नोक्सानीको खतरा छ भने त्यसमाथि मसह अर्थात आफ्नो हातलाई पानीले भिजाएर त्यसमाथि स्पर्श गराउँदै गुजारोस्, तर यदि यस्तो गर्नाले पनि कुनै प्रकारको हानिको खतरा छ भने तयम्मुम गरोस्।

६- यदि त्यसको कुनै अंग भाँचिएको छ र त्यसमाथि पट्टी अथवा पलास्टर लागेको छ भने त्यस पट्टी र पलास्टरमाथि मसह गरोस्, तर तयम्मुम नगरोस् किनकि पानीले हातलाई भिजाएर स्पर्श गर्नु नै प्रयाप्त छ किनकि मसह गर्नु धोउनुको विकल्प हो।

७- मान्छेलाई जायज छ कि भित्ता पर्खाल वा कुनै पनि पवित्र वस्तुमा स्पर्श गरेर तयम्मुम गरोस् जसमा धुलो होस्, तर यदि पर्खाल सिमेन्ट अथवा पेन्ट... आदि जस्तो पदार्थहरुद्वारा सुसज्जित गरिएको होस् भने त्यसद्वारा तयम्मुम नगरोस् तर यदि तयसमा पनि माटोको धुलो बसेको होस् भने त्यसबाट पनि तयम्मुम गर्न सकिन्छ।

८- जब यस्तो अवस्था होस् कि तयम्मुम गर्नुको लागि भित्तो पर्खाल र धरती... र आर्को कुनै तयम्मुम गर्ने यस्तो वस्तु उपलब्ध नहोस् जसमा धुलो होस् त कुनै भाँडा वा दस्तीमा धुलो राखेर तयम्मुम गर्नुमा कुनै आपत्ति छैन, यस्तो गर्नु जायज र प्रयाप्त छ।

९- जब मान्छेले एउटा नमाजको लागि तयम्मुम गऱ्यो र आर्को नमाजको समयसम्म त्यो पवित्र नै छ भने त्यो पहिलाको तयम्मुमले नै नमाज पढन् सक्छ, दोस्रो पटक तयम्मुम गर्नुको कुनै आवश्यकता छैन, किनकि त्यो पवित्र छ, र कुनै यस्तो कुरो घटित भएको छैन जसलेगर्दा त्यसको पवित्रता भंग भएको होस्।

१०- रोगी मान्छेमाथि यो अनिवार्य छ कि आफ्नो शरीरलाई समस्त प्रकारका अपवित्रताबाट पवित्र गरोस्, तर यदि यस्तो गर्नुमा सूक्ष्म छैन भने जस्तो अवस्थामा छ त्यस्तै अवस्थामा नमाज कायम गरोस् त्यसको नमाज सम्पन्न र पूर्ण हुन्छ अर्थात सही हुन्छ, त्यसलाई पुनः नमाज पढने आवश्यकता छैन।

११- रोगी मान्छेमाथि यो अनिवार्य छ कि त्यो पवित्र र स्वच्छ वस्त्र एवं लुगा लगाएर नमाज पढोस्, तर यदि त्यसको लुगा अपवित्र होस् वा त्यसमा अपवित्रता लागेको होस् भने त्यसलाई पखालोस् वा आर्को पवित्र लुगा लगाओस्, तर यदि यस्तो गर्नु सम्भव नहोस् भने जुन अवस्थामा छ त्यसै अवस्थामा नमाज पढोस् त्यसको नमाज भइहाल्छ, र त्यसलाई त्यस नमाजलाई पुनः पढनु आवश्यक छैन।

१२- रोगी मान्छेलाई यो अनिवार्य छ कि पवित्र स्थान वस्तु... आदि माथि नमाज पढोस्, तर यदि नमाज पढने स्थान वा चटाई (गुंदरी) अथवा मुसल्ला आदि यदि अपवित्र होस् भने त्यसमाथि यो

अनिवार्य छ कि त्यसलाई धोओस् वा त्यसको सट्टामा कुनै आर्को वस्तु बिछाओस्, तर यदि यस्तो गर्नु सम्भव नहोस् भने जुन अवस्थामा छ त्यसै अवस्थामा नमाज कायम गरोस्, त्यसको नमाज पूर्ण र सही भयो, त्यसलाई त्यस नमाजलाई पुनः पढनु जरुरी छैन ।

१३- रोगी मान्छेलाई यो जायज छैन कि पवित्रता ग्रहण गर्नुबाट असमर्थताको कारण नमाजलाई त्यसको समयबाट ढिलो गरोस् बरु त्यसमाथि यो अनिवार्य छ कि जति त्यसको क्षमता छ त्यति पवित्रता ग्रहण गरेर नमाजलाई त्यसको नियमित र निर्धारित समयमा पढोस् चाहे त्यसको शरीर अथवा वस्त्र वा नमाज पढने ठाउँ वा मुसल्ला र गुंदरीमा अपवित्रता किन नलागेको होस् जसलाई पवित्र गर्नुबाट त्यो असमर्थ छ ।

अल्लाहसित विन्ती छ कि अल्लाह हामी सबैलाई नियमित नमाज कायम गर्ने भक्ति प्रदान गरुन् र सके सम्म त्यसको निर्धारित समयमा जुनसुकै अवस्थामा भए पनि नमाज कायम गर्ने शक्ति प्रदान गरी स्वर्गमा बसोबास गर्ने सौभाग्य प्रदान गरुन् ( आमीन )

**समाप्त**

**लेखक**
**अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की**
**कपिलवस्तु नगरपालिका वार्ड नं. ९ महुवा**
**तौलिहवा कपिलवस्तु (नेपाल)**
email- atiqkhannp1982@yahoo.com

**सम्पर्क नं. ००९७७९८१९४३७७५८**
**सउदी मो. न. ००९६६५०१३७२२५४**

IslamHouse.com